# बागमती प्रदेश बालबालिकासम्बन्धी नीति, २०८०

बागमती प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

२०८०

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

विषयसूची


१. पृष्ठभूमि .................... १

२. वर्तमान अवस्था, चुनौती तथा अवसर .................... १

२.१ बालबालिकासम्बन्धी केही प्रमुख सवाल .................... २

२.२ प्रमुख समस्या तथा चुनौती .................... ५

२.३ अवसर .................... ६

३. बालबालिकासम्बन्धी नीतिको आवश्यकता .................... ७

४. दीर्घकालीन सोच .................... ७

५. लक्ष्य .................... ७

६. उद्देश्य .................... ७

७. मुख्य नीति तथा कार्यनीति .................... ८

८. नीतिको कार्यान्वयन, संस्थागत संरचना एवं मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन .................... १७

९. अनुगमन तथा मूल्याङ्कन .................... १८

१०. नीतिको व्याख्या एवं पुनरावलोकन .................... १८



बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

प्रमुख सचिव

## १. पृष्ठभूमि

बालबालिका समाजका अति सम्वेदनशील समूहभित्र पर्दछन्। बालबालिकाको हित, संरक्षण, विकास विना समाज समृद्ध बन्न सक्दैन। नेपाललाई समृद्ध बनाउँदै सबै नेपालीलाई सुखी बनाउने राष्ट्रिय संकल्प पूरा गर्न बालबालिकाको अधिकारको प्रत्याभुतिलाई केन्द्रमा राखिनुपर्छ।

बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिका लागि नीतिगत व्यवस्था वाञ्छनीय हुन्छ। त्यस अन्तर्गत जिम्मेवार निकाय तथा संरचनाहरूको सुदृढीकरण, नीति तथा कानूनको तर्जुमा र तिनको कार्यान्वयन हुनुपर्दछ साथै बालबालिका केन्द्रित लगानीको वृद्धि गरी सरोकारवालाको संवेदनशीलता बढाउनुपर्दछ।

नेपालको संविधान बालअधिकारको दृष्टिकोणबाट अत्यन्त प्रगतिशील रहेको छ। संविधानको मौलिक हकमा व्यवस्था भएका प्रावधानहरू समेत बालबालिकाको सम्बन्धमा आकर्षित हुन्छन्। त्यस्तै धारा ३९ मा बालबालिकाको हकबारे विशेष व्यवस्था गरिएको छ भने धारा ५१ मा राज्यका नीतिअन्तर्गत बालबालिकाको सर्वोत्तम हितको सिद्धान्तलाई अङ्गीकार गरेको छ।

नेपालको संविधानको मर्म अनुरूप बालबालिकासम्बन्धी ऐन, २०७५, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, श्रम ऐन, २०७४, मुलुकी देवानी संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, जनस्वास्थ सेवा ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका ऐनहरूमा बालबालिकाको अधिकार सम्बन्धी विशेष व्यवस्था गरिएको छ।

नेपालले संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लगायतका अन्य सन्धि महासन्धिलाई अनुमोदन गरी पक्ष राष्ट्रको रूपमा रहेको छ। त्यस्तै नेपालको प्रतिवद्धता रहेको दिगो विकासका लक्ष्यहरूमा समेत बालबालिकासँग सम्बन्धित लक्ष्यहरू समावेश छन्।

बालबालिकाको हक अधिकारसम्बन्धी प्रावधानहरूको व्यवहारिक कार्यान्वयनका लागि प्रदेश सरकारको महत्वपूर्ण भूमिका हुन्छ। प्रदेश सरकारले खासगरी सङ्घीय तह र स्थानीय तहसँग समन्वय गरी बालबालिकाको अधिकार सुनिश्चित गर्ने गरी प्रत्यक्ष सेवा प्रवाहलाई सुदृढ गर्न सक्दछ। यसका लागि प्रदेश सरकारले बालबालिकासम्बन्धी नीति तथा ऐनको तर्जुमा एवं कार्यान्वयन गर्नु गराउनु वान्छनीय देखिन्छ।

नेपालको संविधान, नेपाल सरकारको बालबालिकासम्बन्धी ऐन, २०७५, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ तथा प्रदेश बालबालिकासम्बन्धी ऐन, २०७६ कार्यान्वयनमा रहेको छ। प्रचलित कानूनी व्यवस्था अनुरूप हुनेगरी बागमती प्रदेश सरकारले बागमती प्रदेश बालबालिका सम्बन्धी नीति, २०८० जारी गरेको छ।

## २. वर्तमान अवस्था, चुनौती तथा अवसर

सङ्घीय तथा प्रदेश तहमा बालअधिकारको सम्मान, संरक्षण र परिपालनाका लागि विभिन्न नीतिगत प्रयास भएका छन्। नेपालको संविधान, सङ्घीय संसदले बनाएका प्रचलित ऐनहरु, बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरूयोजना (२०६५-२०८५), बालमैत्री स्थानीय शासन रणनीति, २०७८, प्रारम्भिक बालविकास

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

राष्ट्रिय रणनीति (२०७७-२०८८) तथा सङ्घीय र प्रदेश तहको बाल विवाह अन्त्यका लागि लागू भएका रणनीतिहरू समेतका व्यवस्थालाई प्रस्तुत नीति तर्जुमा गर्दा आत्मसात गरिएको छ।

बालबालिकाको अधिकार प्रत्याभूतिका लागि सङ्घीय तहमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद्, केन्द्रीय तथा जिल्ला बाल न्याय समिति, बालमैत्री स्थानीय शासन समिति, नेपाल प्रहरी अन्तर्गत महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, प्रदेशमा सामाजिक विकास मन्त्रालय, प्रदेश बालअधिकार समिति र स्थानीय तहमा स्थानीय बालअधिकार समिति, बालकोष, बालकल्याण अधिकारी लगायतका संरचनाहरु क्रियाशील रहेका छन्।

बालबालिकासँग सम्बन्धित विषयहरूमा राज्यको सरोकार बढ्दै गएको छ र शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा लगानी पनि वृद्धि हुँदै गएको छ। बालअधिकारका लागि बालक्लब, किशोर किशोरी समूह, अभिभावक, शिक्षक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको समेत योगदान रहँदै आएको छ।

बागमती प्रदेश सरकारले प्रत्येक आर्थिक वर्षमा बालमैत्री स्थानीय तह घोषणा, बालविवाह मुक्त प्रदेश निर्माणका लागि समुदाय परिचालन कार्यक्रम तथा आमा बाबु विहीन बालबालिकाहरुका लागि सामाजिक सुरक्षा भत्ता वितरणका लागि स्थानीय तहहरुलाई वित्तीय हस्तान्तरण, एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन, अटिजम भएका बालबालिकाहरुको जीवनयापनमा सहजता ल्याउन अभिभावक र अटिजम भएका बालबालिकालाई अभिमूखीकरण कार्यक्रम, अटिजम भएका र विशेष संरक्षण चाहिने बालबालिकालाई पुनर्स्थापनाको लागि पुँजीगत तथा चालु अनुदान कार्यक्रमबाट पुनर्स्थापना कार्यक्रममा निरन्तरता, नेत्रहीन बालबालिकाहरुको लागि पठनपाठनमा सहयोग पुऱ्याउन ब्रेल पत्रिका छपाईमा संघसंस्थाहरुलाई सहयोग, अपाङ्गता सहायता सामग्री वितरण जस्ता विविध कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

यी सबै प्रयासहरूले बालअधिकारका बारेमा सचेतना बढेको छ। बालबालिकाको शिक्षामा पहुँच र भर्नादर बढेको छ भने शिशु तथा बालमृत्यु दर घटेको छ। बालबालिका विरुद्ध हुने भेदभाव, दुर्व्यवहार, हिंसा, शोषण लगायतका हानिबारे सचेतना बढ्नुका साथै सडकमा आश्रित बालबालिका एवं श्रममा संलग्न बालबालिकाको संख्या घटेको छ। जोखिममा रहेका बालबालिकाको उद्धार र संरक्षण गर्ने कार्यमा तदारुकता बढेको छ। तथापि अझै पनि थुप्रै बालबालिका आधारभूत अधिकार उपभोग गर्नबाट वञ्चित रहेका छन् र बाल विवाहको दर उल्लेख्य रूपमा घट्न सकेको छैन।

### २.१ बालबालिकासम्बन्धी केही प्रमुख सवाल

बागमती प्रदेशभित्र परम्परागत मान्यतामा आधारित बालबालिकासम्बन्धी विभेद, संरक्षणका जोखिमको रोकथाम तथा पीडित बालबालिकालाई उचित व्यवस्थापन गर्न नसकिनु, बालबालिकाको समग्र विकासका लागि अवसरमा पहुँचको कमी लगायतका समस्याहरू विद्यमान छन्। त्यसैगरी भौतिक एवं प्रविधिको विकास, जीवनशैली एवं सामाजिक तथा पारिवारिक संरचनामा आएको परिवर्तन लगायतका कारण अन्य नयाँ स्वरूपका समस्या समेत देखिएका छन्।

अवधारणागत स्पष्टता, समस्या पहिचान तथा प्राथमिकीकरण, साधन स्रोतको कमी, राज्यका निकायबीचको प्रभावकारी समन्वय तथा बालबालिकाको क्षेत्रमा उपयुक्त नीतिगत व्यवस्था र सोको कार्यान्वयन गर्न नसकिएको कारण बालबालिकाका समस्याको पर्याप्त सम्बोधन गर्न सकिएको छैन।

केही प्रतिनिधिमूलक विषय तथा सवाल निम्नानुसार रहेका छन्ः-

**क) बालस्वास्थ्यः**

नेपालमा पूर्ण खोप र मातृ तथा नवजात शिशु मृत्युदरमा सुधार भएको छ। तथापि कुपोषण, संक्रामक एवं नसर्ने रोग, गम्भीर प्रकृतिका रोगको उपचार, यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारका सम्बन्धमा बालबालिकाले पर्याप्त सेवा प्राप्त गर्न सकिरहेका छैनन्। ग्रामीण क्षेत्रका बालबालिका अझै पनि आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित रहेका छन्। बाल विशेषज्ञ सेवाको अभाव छ। गर्भावस्था र सुरक्षित जन्मकालागि तालिम प्राप्त स्वास्थ्यकर्मी एवं प्रसुती केन्द्रको व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिएको छैन। बाल विवाहको कारण कम उमेरमा नै आमा बन्ने किशोरीहरू जटील स्वास्थ्य समस्या भोग्न बाध्य छन्। मानसिक स्वास्थ्य सेवाको विस्तार र पर्याप्त मात्रामा परामर्श सेवाको व्यवस्था गर्न सकिएको छैन। यसैगरी विषादीयुक्त खाद्य सामग्री र पत्रुखाना (जंकफुड) को बढ्दो प्रयोगले बालस्वास्थ्यमा पारेको हानिलाई उचित सम्बोधन गर्न सकिएको छैन।

**ख) बालशिक्षा**

आधारभूत तह (कक्षा १-५) मा बालबालिकाको भर्नादरमा वृद्धि भएको छ। यद्यपि विद्यालयमा बालबालिकाको टिकाउ दर, सिकाइ उपलब्धि, भयरहित शिक्षण-सिकाइ कायम गर्ने तथा विद्यालयमा बालमैत्री वातावरण बनाउन सकिएको छैन। विद्यालयको भौतिक संरचना तथा अपाङ्ग विद्यार्थीप्रति गरिने व्यवहार अपाङ्गता एवं बालबालिकामैत्री बनाउन सकिएको छैन। बालबालिकाको प्राविधिक शिक्षामा पहुँच र शिक्षण सिकाइमा प्रविधिको प्रयोग बढाइ गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सकिएको छैन।

प्रदेशभित्रका धेरै विद्यालयमा खेलकुद तथा शारीरिक व्यायामको व्यवस्था, बालबालिकाको सिर्जनशिलताको विकासको अवसर, विद्यालयमा मनोसामाजिक सेवा, गुनासो सुनुवाई संयन्त्र तथा बालसंरक्षण मापदण्ड लागू भएका छैनन्।

**ग) जोखिममा रहेका बालबालिका**

बालश्रम, बालविवाह, यौनशोषण र दुर्व्यवहार, बेचबिखन र ओसारपसार जस्ता घटनाबाट बालबालिका पीडित रहेका छन्। यी लगायत सडकमा आश्रित बालबालिका, बाबुआमाविहीन बालबालिका, दुर्व्यसनीमा परेका, अपाङ्गता भएका, अल्पसंख्यक र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको समस्या उचित रूपमा सम्बोधन गर्न बालसंरक्षण प्रणाली सशक्त बनाउन सकिएको छैन। बैदेशिक रोजगारीमा गएका अभिभावकका सन्तान, कारागारमा कैदीसँग आश्रित रहनुपर्ने अवस्थाका तथा बालगृहमा रहेका लगायतका बालबालिकाको पालनपोषण, सामाजिकीकरण, मनोसामाजिक सेवा, सामाजिक सुरक्षा, जन्म दर्ता एवं पहिचानको अधिकार परिपूर्तिको विषय चुनौतीपूर्ण रहेका छन्। कानूनी विवादमा परेका बालबालिकाको दिशान्तर लगायत बालमैत्री निगरानी कक्ष, बालसुधार गृह जस्ता व्यवस्था प्रभावकारी हुन सकेका छैनन्।

**घ) इन्टरनेट अनलाइन प्रविधि**

विकासको एक अभिन्न अंगका रूपमा रहेको इन्टरनेट अनलाइन प्रविधिमा सबैको पहुँच र प्रयोग अपरिहार्य हुँदै गएको छ। सूचना तथा प्रविधिमा बढ्दो निर्भरतासँगै सिर्जित जोखिम, डिजीटल कुलत, अनलाईन

बागमती प्रदेश सरकार सामाजिक विकास कार्यालय हेटौंडा, नेपाल

दुर्व्यवहार, हिंसा, शोषण जस्ता नयाँ र कठिन समस्याबाट बालबालिकालाई जोगाउनु चुनौतीपूर्ण रहेको छ।

ङ) संरचनाको सुदृढीकरण तथा सूचना व्यवस्थापन

बालबालिकाको निम्ति सङ्घीयदेखि स्थानीय तहसम्म स्थापित संस्थाहरूमा उपयुक्त जनशक्तिको नियुक्ति तथा विद्यमान जनशक्तिको क्षमता विकास, लगानी र त्यस्ता संरचनाको सुदृढीकरण गर्न सकिएको छैन। स्थानीय, प्रादेशिक र सङ्घीय तहमा बालबालिकासँग सम्बन्धित खण्डीकृत सूचनाको सङ्कलन, विश्लेषण, उपयोग र अद्यावधिक गरी सूचना व्यवस्थापन गर्न सकिएको छैन।

च) विभेद

दलित समुदायका बालिका, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न परिवारका एवं अल्पसंख्यक समुदायका बालबालिकाहरू जात, लिङ्ग भौगोलिकता एवं धर्म संस्कृतिको नाममा हुने विभेद अझै कायम छ। कतिपय विद्यालय, सार्वजानिक स्थल तथा समुदायमा विभेदका घटना भइरहेको पाइन्छ। कानूनले निषेध गरेको भए पनि गर्भ पहिचान गरी भ्रुणहत्या गर्ने कार्य डरलाग्दो गरी बढेको छ। बौद्धिक अपाङ्गता, अटिजम लगायतका अपाङ्गता भएका बालबालिकाको उपचार तथा हेरचाह पर्याप्त र सर्वसुलभ हुन सकिरहेको छैन।

छ) बालसहभागिता

बालबालिकाको हकले संवैधानिक मान्यता पाएको भएतापनि प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ताको हक सुनिश्चित गर्न सकिएको छैन। सबै बालबालिकाले परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण विकासको अवसर पाएका छैनन्। राज्यका सबै तहको योजना चक्रमा बालसहभागिताको अभ्यास बढाउन सकिएको छैन। बालक्लबको गठन, परिचालन, बालसहभागिता अभिवृद्धिका लागि सीप तथा दक्षता, असल अभ्यासको अभिलेखीकरण व्यवस्थित गर्न सकिएको छैन। बालक्लबमा आवद्ध बालबालिंका तथा बालक्लबबाट युवा भएकाको ज्ञान, सीप र अनुभवलाई व्यवस्थित ढङ्गले परिचालन गर्न सकिएको छैन।

## २.२ प्रमुख समस्या तथा चुनौती

बालबालिकाको अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका लागि धेरै प्रयासहरू भैरहेका छन तथापि यस क्रममा निम्न समस्या तथा चुनौतीहरू अझै विद्यमान छन्:-

क) खासगरी होटेल, रेष्टुरेन्ट, चिया पसल तथा क्याटरिङ्ग, ईटा भट्टा, सवारीसाधन, घरेलु काम तथा निर्माण कार्यमा बालश्रम प्रयोग हुनु,

ख) सूर्तिजन्य पदार्थ, मद्यपान, लागू पदार्थको दुर्व्यसन तथा ओसारपसारमा बालबालिकाको संलग्नता बढ्नु,

ग) बालविवाह निर्मुल नहुनु,

घ) बालबालिकामाथि यौन दुर्व्यवहार र व्यवसायिक यौन शोषण हुनु,

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

ङ) सर्कसमा काम गर्न, यौन शोषण र श्रमशोषण लगायतकालागि देशभित्र तथा विदेशमा बालबालिकाको ओसारपसार हुनु,

च) विद्यालयमा गुणस्तरीय शिक्षा उपलब्ध नहुनु, बालमैत्री वातावरण नहुनु, र बालबालिकामाथि हेपाई (बुलिङ) हुनु र अनुशासनका नाममा दण्ड सजाय दिइनु,

छ) इन्टरनेट, अनलाइन, सामाजिक सन्जालको दुरूपयोग भइ बालबालिकामाथि दुर्व्यवहारको जोखिम बढ्नु,

ज) बालबालिका विरूद्ध घरपरिवार, विद्यालय र समुदायमा भेदभाव, हेला, दुर्व्यवहार, शोषण, हिंसा, बेवास्ता, उचित हेरचाहको अभाव, छुवाछुत लगायतका प्रतिकूल अवस्था विद्यमान हुनु र बालबालिकाको उचित हेरचाह नहुनु,

झ) उचित सहजीकरण, कामको स्पष्टता र ज्ञान, सीप अभिवृद्धि हुने वातावारण नभएको कारणले बालक्लवको क्रियाशीलतामा कमी हुनु,

ञ) अभिभावक, शिक्षक, स्वास्थ्यकर्मी लगायत सेवा प्रदायक संघसंस्था एवं निकायमा बालअधिकारबारे सचेतना कमी हुनु,

ट) आर्थिकरूपमा विपन्न परिवारका बालबालिकाका आधारभूत आवश्यकता परिपूर्ति गर्न नसकिनु,

ठ) शत प्रतिशत बालबालिकालाई खोप र जन्मदर्ता नहुनु,

ड) सबै स्थानीय तहका वडामा बालबालिकाकालागि उद्यान, खुलाचौर तथा खेलकुदको पर्याप्त व्यवस्था नहुनु,

ढ) जोखिम परिस्थितिका बालबालिकाकालागि आपत्कालीन सेवा, सहयोगको उपलब्धता र भएका सेवाको प्रभावकारिता न्यून हुनु,

ण) समग्र बालबालिकाका लागि नियमित सेवाहरूको प्रवाहलाई व्यवस्थित, पहुँचयोग्य बनाउँदै गुणस्तरीयता कायम हुन नसक्नु,

त) अभिभावकविहीन, अपाङ्गता भएका, अल्पसंख्यक, एचआईभी प्रभावित बालबालिकाको विशेष आवश्यकताको सम्बोधन हुन नसक्नु,

थ) परिवार र समुदायमा आधारित वैकल्पिक हेरचाहको व्यवस्थापन गर्न नसकिनु र बालगृहको प्रभावकारी अनुगमन नहुनु,

द) बालबालिकाको विषयलाई नीति तथा योजना निर्माण, कार्यान्वयन एवं लगानीमा गम्भीरताका साथ प्राथमिकतामा नराखिनु,

ध) निर्णयतहमा अधिकारमुखी दृष्टिकोण एवं बाल संवेदनशीलताका लागि इच्छाशक्ति न्यून हुनु,

न) बालबालिकाको क्षेत्रमा व्यवस्थित अध्ययन अनुसन्धान नहुनु र तथ्याङ्क एवं सूचना जानकारीको अभिलेख व्यवस्थित तथा अद्यावधिक गर्ने गरी एकीकृत सूचना प्रणालीको स्थापना तथा सञ्चालन नहुनु,

प) प्रदेश स्तरका संयन्त्रको स्थापना, सबलीकरण र तालिम प्राप्त जनशक्ति एवं स्रोतसाधन पर्याप्त नहुनु,

फ) सरकारी तहका संयन्त्रबीच तथा राज्य संयन्त्र र बालअधिकारका लागि क्रियाशील गैरसरकारी संस्था एवं निजी क्षेत्रबीच प्रभावकारी समन्वय र सहकार्य नहुनु।

## २.३ अवसर

सङ्घीय संरचना अनुरूपको नीति तथा कानूनी व्यवस्था, प्रविधिको विकास, सचेतना अभिवृद्धि समेतले गर्दा बालअधिकारको संरक्षण, प्रवर्द्धन र परिपूर्तिकालागि निम्न अवसर देखिएका छन्ः-

क) बालअधिकारको सम्मान

नेपालको संविधानले बालबालिकाको अधिकारलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ। यसले बालबालिकाकालागि कानून तथा नीतिगत व्यवस्था गरी राज्य संयन्त्रलाई अख्तियारी दिनुका साथै दायित्व बहन गर्ने अवसर सिर्जना गरेको छ।

ख) स्रोत र अग्रसरता

सङ्घीय संरचना अनुरुप सङ्घ, प्रदेश र स्थानीय तहबीचको स्रोत तथा कार्य विभाजन गरी छिटो छरितो ढंगले स्थानीय आवश्यकतानुसार अग्रसरता लिई बालबालिकाको हकअधिकार प्रवर्द्धन र बालसंरक्षणका निमित्त काम गर्ने अवसर सिर्जना भएको छ।

ग) संरचना र विशेष कार्यक्रम

बालबालिकाको हकअधिकार प्रवर्द्धन र बालसंरक्षणका निमित्त तीनै तहका सरकार मातहतमा विभिन्न संरचना रहने कानूनी व्यवस्था रहेको छ। यस्ता संरचनाको क्षमता एवं क्रियाशीलता बढाइ बालमैत्री स्थानीय शासन, पोषणमैत्री, पूर्णखोपयुक्त, पूर्ण साक्षरतायुक्त स्थानीय तह घोषणा तथा बालश्रम, बाल विवाह, छाउपडी लगायतका हानिकारक अभ्यास विरुद्ध अभियान विस्तार गर्ने अवसर रहेका छन्। बालबालिकासँग सम्बन्धित दिगो विकासका लक्ष्य प्राप्तिकालागि सङ्घीय तहबाट विषयगत आवधिक योजना, रणनीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ।

घ) समन्वय तथा सहकार्य

बालबालिकाको निमित्त काम गर्न सङ्घ, प्रदेश र स्थानीय तहका निकाय, संयुक्त राष्ट्रसङ्घीय निकाय, अन्तर्राष्ट्रिय विकासका साझेदार संस्था, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज, बालक्लव, किशोरकिशोरी संजाल र निजी क्षेत्र लगायतको चासो र सक्रियता बढ्दै गएको देखिन्छ। राज्य संयन्त्रले यस्ता निकाय तथा संस्थासँग प्रभावकारी समन्वय र सहकार्य गरी बालबालिकाको अधिकार सुनिश्चित गर्नमा परिणाममुखी कार्य गर्ने अवसर रहेको छ।

# ३. बालबालिकासम्बन्धी नीतिको आवश्यकता

- नेपालको संविधान, प्रचलित सङ्घीय कानून, संविधानको व्यवस्था कार्यान्वयनमा प्रदेश सरकारलाई तोकिएका अख्तियारी (कार्य विस्तृतीकरण) अनुरुप प्रदेश सरकारको बालबालिकाको हक अधिकारसम्बन्धी दायित्व पूरा गर्न गराउन,
- अवधारणागत स्पष्टतासहित प्राथमिकता निर्धारण गरी बाल केन्द्रित कार्यक्रमको व्यवहारिक कार्यान्वयन गर्न,

- बालबालिकाको हकअधिकार सुनिश्चित गर्नकालागि सरकारी निकाय, गैरसरकारी संस्था तथा निजी क्षेत्र समेतको एकीकृत प्रयासलाई बालअधिकार सम्मत दिशानिर्देश गर्न एवं बालबालिका प्रति संवेदनशीलता बढाउन,
- आपसी सहयोग, समन्वय र सहकार्यमा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी बालबालिकालाई सक्षम नागरिकका रूपमा विकास गर्न गराउन।

## ४. दीर्घकालीन सोच

बालअधिकार सुनिश्चित गरी सबै बालबालिका लाभान्वित भएको बागमती प्रदेश।

## ५. लक्ष्य

सबै बालबालिकालाई भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण, परम्परागत हानिकारक अभ्यास र बेवास्ता लगायतका हानिबाट संरक्षण गर्दै बालबालिकाको विचार र भावनाको कदर गरी सक्षम नागरिक बनाउन गुणस्तरीय सेवाको प्रवाहबाट घरपरिवार, विद्यालय, समुदाय तथा स्थानीय तहलाई बालमैत्री बनाई बालअधिकार प्रत्याभूत गर्ने।

## ६. उद्देश्य

६.१. प्रदेशभित्र रहे बसेका सबै बालबालिकाले नेपालको संविधान, प्रचलित कानून तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताअनुरूप बालअधिकार पूर्ण उपभोग गरेको सुनिश्चित गर्ने,

६.२. बालबालिकामाथि हुने वा हुनसक्ने भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण, परम्परागत हानिकारक अभ्यास र बेवास्ता लगायतका हानिबाट बालबालिकाको संरक्षण गर्ने,

६.३. प्राकृतिक तथा मानव सिर्जित विपद् एवं महामारीबाट आईपर्ने जोखिम न्यूनीकरण गर्ने र लक्षित सेवा प्रवाहमा बालबालिकालाई प्राथमिकता दिने,

६.४. बालबालिकाको जन्मदर्ता, खोप, पोषण तथा आधारभूत स्वास्थ्य सेवा र उमेरअनुसार प्रारम्भिक बालविकास र बालमैत्री वातावरणमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने,

६.५. बालबालिकासँग सम्बन्धित नीति र योजनाको निर्णय प्रक्रियामा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्ने,

६.६. बालअधिकार प्रवर्द्धन, बालसंरक्षण तथा बालमैत्री स्थानीय शासनका लागि प्रदेश तथा स्थानीय तहमा संस्थागत प्रणाली सुदृढ गर्ने र बालबालिकाको क्षेत्रमा लगानी बढाउने,

६.७. सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र र अन्य सरोकारवालाबीच समन्वय, सहकार्य र साझेदारी अभिवृद्धि गरी बालअधिकार सुनिश्चित गराउने,

६.८. बालबालिकासम्बन्धी तथ्याङ्क एवं सूचना प्रणाली व्यवस्थापन गरी नीति निर्माणमा उपयोग गर्ने।

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

प्रमुख सचिव

## ७. मुख्य नीति तथा कार्यनीति

उद्देश्य ६.१ (प्रदेशभित्र रहे बसेका सबै बालबालिकाले नेपालको संविधान, प्रचलित कानून तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताअनुरूप बालअधिकार पूर्ण उपभोग गरेको सुनिश्चित गर्ने) सँग सम्बन्धित **नीतिः**

७.१ बालबालिकासम्बन्धी राष्ट्रिय प्रतिवद्धताअनुरूप प्रादेशिक लक्ष्य निर्धारण गरी आवश्यक कानून, नीति, रणनीति, कार्ययोजना, कार्यविधि, निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

७.२ बालअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाबारे स्थानीय भाषामा समेत सामग्री तयार गरी आम-सचेतना अभिवृद्धि गरिनेछ।

७.३. बालअधिकार परिपूर्तिका लागि अभिभावक, शिक्षक, समुदाय, सेवा प्रदायक संघसंस्था, निजी क्षेत्र तथा राज्यका निकाय समेतका कर्तव्य प्रति जवाफदेहिता अभिवृद्धि गरिनेछ।

७.४ प्रदेशमा बालबालिकासम्बन्धी नीति, योजना तथा कार्यक्रम बालबालिकाको सर्वोत्तम हित अनुरूप भएको सुनिश्चित गरिनेछ।

**कार्यनीतिः (नीति ७.१ देखि ७.४ सँग सम्बन्धित)**

क) बालअधिकारसम्बन्धी दायित्वबारे समुदाय, स्थानीय तथा प्रादेशिक तहमा सचेतना अभिवृद्धि गरी जवाफदेहिता बढाउन लक्षित कार्यक्रम सञ्चालन गर्ने,

ख) बालअधिकार परिपूर्तिका लागि आमसञ्चार माध्यम तथा सामाजिक सञ्जाल बाट जानकारी मूलक सूचना प्रवाह गर्ने, गराउने,

ग) पेशागत तथा क्षमता अभिवृद्धिका लागि तालिम र स्थानीय पाठ्यक्रममा बालअधिकार तथा बाल संवेदनशीलतासम्बन्धी विषय समावेश गर्ने,

घ) संघसंस्था, निजी क्षेत्र तथा राज्यका निकायले सञ्चालन गरेका कार्यक्रम बालअधिकार एवं बालबालिकाको सर्वोत्तम हितअनुरूप भए नभएको अनुगमन गर्ने गराउने र बालअधिकार उल्लंघन गर्नेलाई कारवाही गर्ने,

**उद्देश्य ६.२** (बालबालिकामाथि हुने वा हुनसक्ने भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण, परम्परागत हानिकारक अभ्यास र बेवास्ता लगायतका हानिबाट बालबालिकाको संरक्षण गर्ने) सँग सम्बन्धित नीतिहरू

७.५ बालबालिका विरूद्ध कुनै प्रकारको हिंसा, दुर्व्यवहार, शोषण हुन नदिन, घटनाको शीघ्र सम्बोधन र घटना व्यवस्थापनका कार्य गरिनेछ।

७.६ सबै क्षेत्रमा बालश्रमको अन्त्य गरिनेछ।

७.७ बाबुआमा विहीन र अभिभावकको संरक्षण नपाएका बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्ध गरिदा परिवारमा आधारित वैकल्पिक हेरचाहको प्रवर्द्धन गरिनेछ र संस्थागत हेरचाहलाई अन्तिम विकल्पका रूपमा लिइनेछ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

प्रमुख सचिव

७.८ अपाङ्गता भएका, अल्पसंख्यक, एच.आई.भी. संक्रमित बालबालिकामाथिको भेदभाव अन्त्य गरी विशेष आवश्यकता परिपूर्ति गरिनेछ।

७.९ बालविवाहलाई अन्त्य गरिनेछ र बालविवाह गर्ने गराउनेलाई कानूनी कारवाही गरिनेछ।

७.१० विद्यालय, स्वास्थ्य संस्था लगायतबाट सेवा प्रवाह गर्दा बालिकाको विशेष आवश्यकतालाई प्राथमिकता दिई सुरक्षित तथा बालिकामैत्री वातावरण सिर्जना गरिनेछ।

७.११ विद्यालयमा बालमैत्री शिक्षण सिकाईको व्यवस्था गरिनेछ।

७.१२ विशिष्ट क्षमता भएका बालबालिकाको क्षमता प्रस्फुटनका लागि संस्थागत हेरचाह सहितको विशेष व्यवस्थापन गरिनेछ।

७.१३ सूर्तिजन्य, मादक तथा लागू पदार्थको दुर्व्यसनबाट संरक्षण गर्न सो को उत्पादन, बिक्रीवितरण, ओसारपसार तथा प्रयोगमा बालबालिकाको पहुँचमा रोक लगाइनेछ।

७.१४ घरपरिवार, विद्यालय लगायतका स्थानमा बालबालिकालाई दिइने शारीरिक तथा मानसिक दण्डसजायको अन्त्य गरिनेछ।

७.१५ बालबालिकालाई अनलाइन (इन्टरनेट) तथा सामाजिक सञ्जालका माध्यमबाट हुनसक्ने हिंसा, दुर्व्यवहार तथा शोषण लगायतका जोखिम न्यूनीकरण गरिनेछ।

७.१६ बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्था, निजी क्षेत्र तथा सार्वजनिक निकायले बालसंरक्षण मापदण्ड लागू गरेको सुनिश्चित गरिनेछ।

कार्यनीतिः (नीति ७.५ देखि ७.१६ सँग सम्बन्धित)

क) बालबालिका विरूद्ध हुने हिंसा, दुर्व्यवहार तथा शोषण (बेचबिखन तथा ओसारपसार समेत) बाट बच्ने उपाय तथा सोको प्रतिकार एवं उजुरी गर्न बालबालिकाको सीप र क्षमता अभिवृद्धि गर्ने,

ख) बालबालिका विरूद्ध हुने हिंसा, दुर्व्यवहार तथा शोषणको रोकथामकालागि अभिभावक, शिक्षक, सेवा प्रदायक संघसंस्था, व्यवसायी लगायतलाई आमसञ्चार माध्यमबाट सचेतना अभिवृद्धि गर्ने,

ग) शिक्षण संस्था, स्वास्थ्य संस्था तथा बालबालिकालाई प्रत्यक्ष सेवा प्रदान गर्ने संस्था एवं निकायलाई यौन दुर्व्यवहार तथा शोषणको लक्षण पहिचान गर्न र सोबारे उजुरी गर्न सक्षमता अभिवृद्धि गर्ने,

घ) स्थानीय तहसँगको समन्वयमा बालश्रम प्रयोग भएको क्षेत्रको अनुगमन गर्ने तथा बालश्रमिकको उदगमस्थलको स्थिति अध्ययन गरी आधारभूत आवश्यकता पूर्ति गर्ने गराउने,

ङ) कानून विपरित श्रममा संलग्न बालबालिकाको उद्धार र पुनःस्थापन गर्ने र कानून विपरित श्रममा लगाउनेलाई कारवाही गर्ने गराउने,

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

प्रमुख सचिव

च) श्रममा संलग्न हुनबाट रोक्न विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गरी औपचारिक शिक्षाको सुनिश्चितता गर्ने,

छ) सार्वजनिक निर्माण, वस्तु तथा सेवा उत्पादन एवं बिक्रीवितरणमा बालश्रम प्रयोगमा तत्काल रोक लगाउने,

ज) बाल विवाहको कारण स्वास्थ्य, शिक्षा, व्यक्तित्व विकास, आर्थिक तथा सामाजिक असर र कानूनी प्रावधानबारे बालबालिका र अभिभावक लक्षित सचेतना अभिवृद्धि गर्ने,

झ) जीवन उपयोगी सीप, यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार एवं मनोविमर्श सेवा लगायतका किशोरकिशोरी केन्द्रित कार्यक्रम गर्ने,

ञ) बालबालिकालाई सूर्तिजन्य, मद्यपान तथा लागू पदार्थको दुर्व्यसनबाट जोगाउन सचेतनामूलक कार्यक्रम गर्ने, विद्यमान ऐनको प्रभावकारी कार्यान्वयन गर्ने गराउने,

ट) परिवार, स्थानीय तह तथा अन्य सरोकारवालासँग सहकार्य गरी दुर्व्यसनमा परेमा बालबालिकाको उपचार एवं पुनःस्थापना गर्ने गराउने,

ठ) नेपाल सरकारले तोकेको मापदण्ड समेतका आधारमा प्रदेशभित्रका वैकल्पिक हेरचाहका अन्य प्रबन्धसहित बालगृह व्यवस्थित गर्ने गराउने,

ड) प्रदेशमा रहेका बालसुधार गृहको नियमित अनुगमन गरी सेवा प्रभावकारी बनाउन आवश्यक सहयोग एवं समन्वय गर्ने,

ढ) स्थानीय तहसँगको समन्वयमा अपाङ्गता भएका बालबालिकाको लेखाजोखा गरी परिचयपत्र वितरण तथा अपाङ्गमैत्री संरचनाको सुनिश्चितता गर्ने,

ण) अपाङ्गता भएका, अल्पसंख्यक, एच.आई.भी. संक्रमित लगायतका बालबालिकालाई भेदभाव हुन नदिन र आवश्यक सेवा प्रदान गर्न सरोकारवालालाई सचेत र जिम्मेवार बनाउने,

त) अटिजम लगायतका बौद्धिक अपाङ्गता भएका बालबालिकालाई हेरचाहका लागि संस्थागत संरचनासहितको व्यवस्था गर्ने,

थ) प्रदेशभित्रका संघसंस्था, निजी क्षेत्र तथा सार्वजनिक निकायलाई बालसंरक्षण मापदण्ड निर्माण तथा कार्यान्वयनकालागि प्राविधिक सहयोग गर्ने र कार्यान्वयनको अनुगमन गर्ने,

द) बालबालिका विरूद्ध हुने हिंसा, दुर्व्यवहार तथा शोषणबाट पीडित तथा प्रभावित बालबालिकाको संरक्षण, स्वास्थ्योपचार, कानूनी सेवा, मनोविमर्श र पुनःस्थापना लगायतका सेवा उपलब्ध गराउने,

ध) अनलाईन (इन्टरनेट) तथा सामाजिक सञ्जालका माध्यमबाट हुने हिंसा, दुर्व्यवहार तथा शोषणको जोखिम न्यूनीकरण गर्न बालबालिका, अभिभावक तथा विद्यालयमा सचेतना कार्यक्रम सञ्चालन गर्ने गराउने र इन्टरनेट दुरूपयोग रोक्न इन्टरनेट सेवा प्रदायकसँग सहकार्य गर्ने,

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

प्रमुख सचिव

च) श्रममा संलग्न हुनबाट रोक्न विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गरी औपचारिक शिक्षाको सुनिश्चितता गर्ने,

छ) सार्वजनिक निर्माण, वस्तु तथा सेवा उत्पादन एवं बिक्रीवितरणमा बालश्रम प्रयोगमा तत्काल रोक लगाउने,

ज) बाल विवाहको कारण स्वास्थ्य, शिक्षा, व्यक्तित्व विकास, आर्थिक तथा सामाजिक असर र कानूनी प्रावधानबारे बालबालिका र अभिभावक लक्षित सचेतना अभिवृद्धि गर्ने,

झ) जीवन उपयोगी सीप, यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार एवं मनोविमर्श सेवा लगायतका किशोरकिशोरी केन्द्रित कार्यक्रम गर्ने,

ञ) बालबालिकालाई सूर्तिजन्य, मद्यपान तथा लागू पदार्थको दुर्व्यसनबाट जोगाउन सचेतनामूलक कार्यक्रम गर्ने, विद्यमान ऐनको प्रभावकारी कार्यान्वयन गर्ने गराउने,

ट) परिवार, स्थानीय तह तथा अन्य सरोकारवालासँग सहकार्य गरी दुर्व्यसनमा परेमा बालबालिकाको उपचार एवं पुनःस्थापना गर्ने गराउने,

ठ) नेपाल सरकारले तोकेको मापदण्ड समेतका आधारमा प्रदेशभित्रका वैकल्पिक हेरचाहका अन्य प्रबन्धसहित बालगृह व्यवस्थित गर्ने गराउने,

ड) प्रदेशमा रहेका बालसुधार गृहको नियमित अनुगमन गरी सेवा प्रभावकारी बनाउन आवश्यक सहयोग एवं समन्वय गर्ने,

ढ) स्थानीय तहसँगको समन्वयमा अपाङ्गता भएका बालबालिकाको लेखाजोखा गरी परिचयपत्र वितरण तथा अपाङ्गमैत्री संरचनाको सुनिश्चितता गर्ने,

ण) अपाङ्गता भएका, अल्पसंख्यक, एच.आई.भी. संक्रमित लगायतका बालबालिकालाई भेदभाव हुन नदिन र आवश्यक सेवा प्रदान गर्न सरोकारवालालाई सचेत र जिम्मेवार बनाउने,

त) अटिजम लगायतका बौद्धिक अपाङ्गता भएका बालबालिकालाई हेरचाहका लागि संस्थागत संरचनासहितको व्यवस्था गर्ने,

थ) प्रदेशभित्रका संघसंस्था, निजी क्षेत्र तथा सार्वजनिक निकायलाई बालसंरक्षण मापदण्ड निर्माण तथा कार्यान्वयनकालागि प्राविधिक सहयोग गर्ने र कार्यान्वयनको अनुगमन गर्ने,

द) बालबालिका विरूद्ध हुने हिंसा, दुर्व्यवहार तथा शोषणबाट पीडित तथा प्रभावित बालबालिकाको संरक्षण, स्वास्थ्योपचार, कानूनी सेवा, मनोविमर्श र पुनःस्थापना लगायतका सेवा उपलब्ध गराउने,

ध) अनलाईन (इन्टरनेट) तथा सामाजिक सञ्जालका माध्यमबाट हुने हिंसा, दुर्व्यवहार तथा शोषणको जोखिम न्यूनीकरण गर्न बालबालिका, अभिभावक तथा विद्यालयमा सचेतना कार्यक्रम सञ्चालन गर्ने गराउने र इन्टरनेट दुरूपयोग रोक्न इन्टरनेट सेवा प्रदायकसँग सहकार्य गर्ने,

न) बालबालिका विरूद्धको कसुरबाट पीडित वा प्रभावित एवं जोखिममा परेका बालबालिकाको उद्धार, राहत, संरक्षण र पुनःस्थापनासमेतका लागि प्रदेश तथा स्थानीय तहमा बालकोषको स्थापना तथा परिचालन गर्ने गराउने,

प) पीडित तथा प्रभावित बालबालिकाको सशक्तीकरण, निजको परिवारलाई जीवन निर्वाहका लागि आर्थिक उपार्जन सहयोग, मनोविमर्श सेवा उपलब्ध गराउने र सेवा प्रवाह गरिंदा विशेष प्राथमिकता दिने दिलाउने,

फ) निजी तथा सार्वजनिक संरचना निर्माण गर्दा डिजाइनको चरणदेखि बालबालिकामाथि हुनसक्ने दुर्घटना लगायतका जोखिम न्यूनीकरण गर्न विशेष सर्तकता एवं सुरक्षाका उपाय अवलम्बन गर्ने गराउने।

**उद्देश्य ६.३** (प्राकृतिक तथा मानव सिर्जित विपद् एवं महामारीबाट आईपर्ने जोखिम न्यूनीकरण गर्ने र लक्षित सेवा प्रवाहमा बालबालिकालाई प्राथमिकता दिने।) सँग सम्बन्धित नीतिहरू

७.१७ विपद् तथा महामारीको जोखिमबाट बालबालिकालाई जोगाउन बालकेन्द्रित पूर्वतयारी र विपद् प्रतिकार्य योजना तयार गरिनेछ।

७.१८ विपद् तथा महामारीबाट सिर्जित आपत्कालीन अवस्थामा उद्धार, राहत तथा पुर्नस्थापना कार्यमा बालबालिकालाई प्राथमिकता दिइनेछ।

कार्यनीतिः (नीति ७.१७ र ७.१८ सँग सम्बन्धित)

क) बालबालिकाको विशेष आवश्यकता एवं पर्नसक्ने प्रभावलाई प्राथमिकता दिई विपद् तथा महामारीसम्बन्धी पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गर्ने,

ख) आपत्कालीन संरक्षणका लागि बालमैत्री स्थल बनाउने र प्राथमिकताका साथ बालबालिकाका लागि खाना, बसोबास लगायत अत्यावश्यक राहत सामग्री उपलब्ध गराउने,

ग) विपद्का कारण शिक्षा तथा स्वास्थ्यबाट वञ्चित भएका बालबालिकाको शैक्षिक निरन्तरता तथा स्वास्थ्य उपचारकालागि आवश्यक व्यवस्था गर्ने गराउने,

घ) विपद् तथा महामारीको पूर्वतयारी र आपत्कालीन अवस्थामा सुरक्षित रहने उपायबारे बालबालिकाले बुझ्ने गरी सूचना जानकारी प्रदान गर्ने गराउने।

**उद्देश्य ६.४** (बालबालिकाको जन्म दर्ता, खोप, पोषण तथा आधारभूत स्वास्थ्य सेवा र उमेरअनुसार प्रारम्भिक बालविकास र बालमैत्री वातावरणमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने) सँग सम्बन्धित नीतिहरू

७.१९ प्रदेशभित्र जन्मने प्रत्येक बालबालिकाको नामाकरण सहित जन्मदर्ता र खोप शत प्रतिशत भएको सुनिश्चित गरिनेछ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

प्रमुख सचिव

७.२० बालस्वास्थ्य सेवा सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य संस्थामा दक्ष जनशक्ति, पर्याप्त स्वास्थ्य उपकरण तथा पूर्वाधारको व्यवस्थालाई प्राथमिकता दिइनेछ।

७.२१ गर्भवती महिलाको नियमित जाँच, सुरक्षित जन्म, नवजात शिशुको आधारभूत स्वास्थ्य सेवामा पहुँच तथा निःशुल्क सेवाको सुनिश्चितता गरिनेछ।

७.२२ पोषण कार्यक्रमलाई प्रभावकारी बनाइ पत्रुखाना (जंकफुड) को उपभोगलाई निरूत्साहित गरिनेछ।

७.२३ स्वास्थ्य सेवालाई बाल एवं किशोर किशोरीमैत्री बनाइनेछ।

७.२४ प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँचकालागि सेवाको विस्तार र व्यवस्थापन गरिनेछ।

७.२५ आधारभूत तहको शिक्षा अनिवार्य तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क, गुणस्तरीय र बालमैत्री बनाइनेछ।

७.२६ विद्यालयलाई भय र दण्ड सजाय मुक्त बनाइनेछ तथा बालबालिकामाथि हुने हेपाईजन्य कार्य (बुलिङ्ग) अन्त्य गरिनेछ।

७.२७ विद्यालय तहको शिक्षालाई निरन्तरता दिन नसकेका बालबालिकाकालागि वैकल्पिक शिक्षाको व्यवस्था गरिनेछ।

७.२८ विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाको विद्यालय भर्ना तथा अपाङ्गमैत्री शैक्षिक सामग्री एवं शिक्षण विधि अपनाई समाहित शिक्षा प्रवर्द्धन गरिनेछ।

कार्यनीतिः (नीति ७.१९ देखि ७.२८ सँग सम्बन्धित)

क) शत प्रतिशत जन्मदर्ता र पूर्ण खोपका लागि स्थानीय तहको समन्वयमा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,

ख) स्वास्थ्य संस्थामा खोपको उपलब्धता, सुरक्षित भण्डारण एवं ओसारपसारको उचित प्रबन्ध गर्ने,

ग) स्वास्थ्य सेवाको पहुँच, सेवा प्रवाह र गुणस्तरको नियमित अनुगमन गरी जवाफदेहिता बढाउने,

घ) विशेषतः गर्भवती तथा स्तनपान गराउने महिला र पाँच वर्षमुनिका बालबालिका भएका परिवारलाई पोषण लक्षित कार्यक्रम गर्ने,

ङ) कुपोषित तथा कुपोषणको जोखिममा रहेका बालबालिकाको पहिचान गरी सहयोग एवं उपचार गर्ने र कुपोषण उपचार केन्द्रको सुदृढीकरण गर्ने,

च) पत्रु खाना (जंकफुड) को प्रयोगबाट बालस्वास्थ्यमा पर्ने असरबारे बालबालिका, अभिभावक र शिक्षक समेतलाई सचेत गराई विद्यालयमा पोषणयुक्त स्थानीय खानाको प्रवर्द्धन गर्ने गराउने,

छ) किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारसम्बन्धी शिक्षा, परामर्श र मैत्रीपूर्ण सेवा प्रवाहको व्यवस्था गर्ने,

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

प्रमुख सचिव

ज) अपाङ्गता भएका बालबालिकाको स्वास्थ्य सेवामा पहुँच वृद्धि गरी विशेष आवश्यकता अनुसारको सेवा उपलब्ध गराउने,

झ) आमा तथा बालबालिकाको स्वास्थ्य चेतना एवं पहुँच बढाउन महिला स्वास्थ्य स्वयं सेविकाको क्षमता तथा क्रियाशीलता अभिवृद्धि गर्ने गराउने,

ञ) तोकिएको मापदण्डअनुरूप प्रारम्भिक बालविकास तथा शिक्षा र विद्यालय सञ्चालनको गुणस्तर अनुगमन गरी सेवा प्रवाह प्रभावकारी बनाउने,

ट) कक्षा व्यवस्थापन, शैक्षिक सामग्रीको व्यवस्था र शिक्षण सिकाइ प्रक्रिया बालमैत्री बनाउँदै कक्षा छोड्ने कारण पहिचान गरी निराकरणको लागि कार्यक्रम सञ्चालन गर्ने,

ठ) अभिभावक तथा शिक्षकलाई सकारात्मक अनुशासनका विधि एवं अभिभावक शिक्षासम्बन्धी प्रशिक्षण दिने दिलाउने,

ड) विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था गरी भूमिकालाई प्रभावकारी बनाउने तथा गुनासो सुनुवाइ व्यवस्थाको कार्यान्वयन गर्ने गराउने,

ढ) बालमैत्री वातावरण तथा गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता अभिवृद्धि गर्ने गराउने,

ण) सबै विद्यालयमा विद्यालय नर्सको व्यवस्था गरी मनोविमर्शसम्बन्धी तालिम प्रदान गर्ने,

त) राजनैतिक तथा अन्य निहित स्वार्थका लागि विद्यालयको नियमित पठनपाठन अवरूद्ध नगर्ने र विद्यालय शान्तिक्षेत्र घोषणा गर्ने,

थ) ब्रेललिपी, साङ्केतिक भाषा लगायतका अपाङ्गमैत्री शैक्षिक तथा सहायक सामग्रीको व्यवस्थापन, तालिमका साथै विद्यालय संरचना अपाङ्गमैत्री बनाउने,

द) संस्थागत विद्यालयलाई बालमैत्री बनाई कानूनबमोजिमको छात्रवृत्ति लगायतको सेवा मापदण्डको आधारमा पारदर्शीरूपमा प्रदान गर्ने व्यवस्था गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने।

**उद्देश्य ६.५.** (बालबालिकासँग सम्बन्धित नीति र योजनाको निर्णय प्रक्रियामा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्ने) सँग सम्बन्धित नीतिहरू

७.२९ विद्यालय तथा समुदायमा बालक्लब गठन एवं दर्ता, क्षमता अभिवृद्धिमा स्थानीय तहलाई सहजीकरण गरिनेछ।

७.३० बालबालिकासँग सम्बन्धित नीति, योजना निर्माण र कार्यान्वयनको चरणमा बालबालिकाको विचार र भावनाको कदर गरिनेछ।

७.३१ घरपरिवार र समुदायमा बालबालिका सम्बन्धित निर्णय गर्दा बालबालिकाको सहभागिता अभिवृद्धि गरिनेछ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

प्रमुख सचिव

कार्यनीतिः (नीति ७.२९ देखि ७.३१ सँग सम्बन्धित)

क) बालक्लब तथा सञ्जालकालागि स्रोत तथा सामग्रीको उपलब्धता र जीवनउपयोगी सीप एवं नेतृत्व विकास लगायतका कार्यमा सहजीकरण गर्ने गराउने,

ख) बालअधिकार, बालसंरक्षण तथा सामाजिक अभियानमा बालबालिकाको सर्वोत्तम हित हुनेगरी बालक्लव तथा सञ्जालको परिचालन गर्ने गराउने,

ग) बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रममा सहभागिता र स्थानीय समिति एवं संरचनामा बालबालिकाको प्रतिनिधित्व गराउने,

घ) स्थानीय तहमा आवधिक रूपमा बालभेलाको आयोजना गरी बालबालिकाको विचार, भावना र सुझावलाई नीति, योजना तथा कार्यक्रममा समावेश गर्ने गराउने,

ङ) बालअधिकार र बालसहभागिता प्रवर्द्धन गर्न बालबालिका तथा वयस्कका जिम्मेवारी समावेश गरी कार्यविधि एवं मापदण्ड लागू गर्ने।

**उद्देश्य ६.६ (बालअधिकार प्रवर्द्धन, बालसंरक्षण तथा बालमैत्री स्थानीय शासनकालागि प्रदेश तथा स्थानीय तहमा संस्थागत प्रणाली सुदृढ गर्ने र बालबालिकाको क्षेत्रमा लगानी बढाउने) सँग सम्बन्धित नीतिहरू**

७.३२ बालअधिकार प्रवर्धन तथा बालसंरक्षणका लागि प्रदेश र स्थानीय तहमा संस्थागत संरचना स्थापना तथा सुदृढीकरण गरिनेछ।

७.३३ बालबालिका खोजी, उद्धार, राहत, संरक्षण, मनोसामाजिक विमर्श, पुनःस्थापना लगायतका सेवाका लागि निःशुल्क फोन बाल हेल्पलाइन सेवा (१०९८) तथा बालबालिका खोजतलास सेवा (१०४) को सुदृढीकरण गर्न सहयोग र सहकार्य गरिनेछ।

७.३४ 'बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८' तथा 'बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९' अनुरूप स्थानीयतहलाई बालमैत्री घोषणा गर्न सहयोग र सहजीकरण गरिनेछ।

७.३५ बालमैत्री स्थानीय तह घोषणा गर्दा पूरा भएका सूचकको दिगोपना लगायतका बारेमा नियमित अनुगमन गरिनेछ।

७.३६ बालबालिकाको क्षेत्रमा लगानी बढाउन प्रदेश तथा स्थानीय तहका निकायलाई प्रोत्साहित गरिनेछ।

<u>कार्यनीतिः (नीति ७.३२-७.३६ सँग सम्बन्धित)</u>

क) प्रदेश बालअधिकार समिति, सामाजिक विकास मन्त्रालयको क्रियाशीलता र क्षमता अभिवृद्धि गर्दै प्रदेश आपतकालीन बालउद्धार कोष परिचालन गर्ने,

ख) बालअधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनसम्बन्धी नीति तथा कार्यविधि बनाउन स्थानीय तहलाई प्राविधिक सहयोग गर्ने,

ग) सबै स्थानीय तहमा बालअधिकार समिति र बाल कोषको स्थापना, बालकल्याण अधिकारीको नियुक्ति, समाजसेवी र बालमनोविज्ञको सूचीकरण गर्ने र तिनको क्षमता अभिवृद्धि गर्ने,

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

सचिव

घ) प्रदेश तथा स्थानीय तहबाट स्रोत विनियोजन गर्दा बालबालिकाको अवस्था विश्लेषणको आधारमा प्राथमिकताका क्षेत्र पहिचान गरी लगानी वृद्धि गर्ने।

**उद्देश्य ६.७. (सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र र अन्य सरोकारवालाबीच समन्वय, सहकार्य र साझेदारी अभिवृद्धि गरी बालअधिकार सुनिश्चित गर्ने) सँग सम्बन्धित नीति**

७.३७ राज्यका तीनवटै तहमा बालबालिकासँग सम्बन्धित निकायका बीच नीतिगत व्यवस्था, कार्यक्रम तथा योजना र सेवा प्रवाहलाई प्रभावकारी बनाउन समन्वय, सहकार्य गरिनेछ।

७.३८ स्थानीय तह, प्रदेश र राष्ट्रिय स्तरमा बालबालिकाका क्षेत्रमा क्रियाशिल संघसंस्था तथा निजी क्षेत्र लगायतसँग बालअधिकार परिपूर्तिका लागि समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

७.३९ आमसञ्चार माध्यमलाई बालसंवेदनशील बनाउन सहजीकरण गरिनेछ।

कार्यनीतिः (नीति ७.३७ देखि नीति ७.३९ सँग सम्बन्धित)

क) प्रदेश सरकारका मन्त्रालय र निकायले बालबालिकाको विषयमा कामको सूची तयार गरी कार्यान्वयन गर्ने र आवधिक रूपमा पुनरावलोकन गर्ने,

ख) बालबालिकाका लागि प्राथमिकता दिनुपर्ने क्षेत्र तथा विषयका बारेमा प्रदेश बालअधिकार समितिले सरोकारवाला निकायबीच नियमित रूपमा सूचना प्रवाह गरी एकीकृत योजना लागू गर्ने,

ग) बालबालिकाको क्षेत्रमा क्रियाशील संघसंस्था, निकायकाबीच कम्तीमा चार महिनामा एक पटक समन्वय बैठक गर्ने,

घ) बालसंवेदनशीलता अभिवृद्धिका लागि आमसञ्चार माध्यमको आचारसंहिता निर्माण र कार्यान्वयन गर्न एवं क्षमता अभिवृद्धि गर्न प्राविधिक सहयोग उपलब्ध गराउने,

ङ) बालबालिका सम्बन्धमा भए गरेका असल अभ्यास र सकारात्मक प्रयासलाई प्रचारप्रसार गर्न सञ्चार माध्यमलाई प्रोत्साहित गर्ने,

च) निजी क्षेत्रको सामाजिक उत्तरदायित्वअन्तर्गत बालबालिकाको विषयमा लगानी गर्न प्रोत्साहन गर्ने।

**उद्देश्य ६.८. (बालबालिकासम्बन्धी तथ्याङ्क एवं सूचना प्रणाली व्यवस्थापन गरी नीति निर्माणमा उपयोग गर्ने) सँग सम्बन्धित नीतिहरू**

७.४० प्रदेशस्तरीय बालअधिकार सूचना प्रणाली स्थापना गरिनेछ।

७.४१ स्थानीय तहमा बालबालिकासम्बन्धी तथ्यांक एवं सूचना सङ्कलन, व्यवस्थापन तथा अद्यावधिक गर्न प्राविधिक सहयोग गरिनेछ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

प्रमुख सचिव

कार्यनीतिः (नीति ७.४० र ७.४१ सँग सम्बन्धित)

क) प्रदेशको बालबालिकासम्बन्धी तथ्याङ्क अभिलेख (डिजिटल रूपमा समेत) दुरूस्त राख्न सामाजिक विकास मन्त्रालयको बालबालिकाको विषय हेर्ने शाखाको सुदृढीकरण गर्ने,

ख) बालबालिकाको समग्र अवस्थाबारे अद्यावधिक तथ्याङ्क, सूचना समावेश गरी वार्षिक रूपमा प्रदेशको स्थिति प्रतिवेदनका साथै आवधिक रूपमा स्रोत एवं सूचनामूलक सामग्री प्रकाशन गर्ने,

ग) स्थानीय तहमा बालबालिकासम्बन्धी तथ्याङ्क तथा सूचना जानकारी सङ्कलन, विश्लेषण तथा व्यवस्थापन गर्ने विधि तर्जुमा गरी क्षमता विकास गर्ने,

घ) बालबालिकासँग सम्बन्धित विषय विशेषतः बालसंरक्षणको क्षेत्रमा शैक्षिक प्रतिष्ठान तथा विशेषज्ञको संलग्नतामा अध्ययन, अनुसन्धान गर्ने गराउने,

ङ) बालबालिकासम्बन्धी नीति, योजना कार्यक्रम निर्माण गर्दा प्रदेश तथा स्थानीय तहमा सङ्कलन एवं विश्लेषण गरिएको तथ्यांक र सूचनाको उपयोग गर्ने।

## ८. नीतिको कार्यान्वयन, संस्थागत संरचना एवं मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन

यो नीतिको कार्यान्वयनका लागि देहायको व्यवस्था गरिनेछः

८.१ बागमती प्रदेशका सबै मन्त्रालयहरूसँग आवधिक तथा वार्षिक योजना तर्जुमा प्रक्रियामा यस नीतिको कार्यान्वयनमा सघाउ पुर्‍याउने कार्यक्रमहरू समावेश गर्न आवश्यक समन्वय र सहजीकरण गरिनेछ।

८.२ हरेक स्थानीयतहलाई यो नीतिनुरूपका कार्यक्रमहरू सञ्चालन गर्न अनुरोध गर्दै आवश्यक समन्वय गरिनेछ।

८.३ सरकारी, निजी र सामुदायिक संस्थाहरूबीच लागत साझेदारीमा यस नीति अनुरूपका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

८.४ प्रदेशमा बालबालिकाको विषयमा कार्य गर्ने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाको भूमिकालाई पारदर्शी र जवाफदेही बनाई भौगोलिक र विषयगत पक्षहरूमा यस नीतिअनुरूप नतिजामूलक कार्यमा संलग्न हुने व्यवस्था गरिनेछ।

८.५ नागरिक संगठन, धार्मिक संस्था, बालक्लब, निजी क्षेत्र, राजनीतिक दल तथा संगठन लगायत विकास साझेदार तथा दातृ निकायहरूमा बालबालिकाको क्षेत्रमा कार्यक्रम, परियोजना तथा साझेदारी तय गर्दा यो नीति अनुरूप गर्न आवधिक रूपमा अन्तरक्रिया तथा नीति प्रचारका कार्यक्रमहरू आयोजना गरिनेछ।

८.६ आधारभूत गतिविधिका लागि मानव स्रोतका रूपमा मन्त्रालय अन्तर्गतका तोकिएका कर्मचारीको विशेष जिम्मेवारी रहनेछ भने आवश्यकता र विशेषज्ञताअनुरूप बालबालिकाको क्षेत्रमा क्रियाशील संघसंस्था तथा नागरिक समाजका व्यक्तिहरू समेतको सहयोग लिइनेछ र परिचालन गरिनेछ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

८.७ वार्षिक बजेट तथा कार्यक्रम भित्र समायोजन गरिएका अतिरिक्त अन्य संघसंस्था तथा निकायसँगको सहकार्य, साझेदारीमा कार्यक्रमहरु संचालन गर्नुका साथै बालबालिकाको विषयमा योगदान गर्नका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्दै निजी क्षेत्रसँग सहकार्य गरिनेछ। विषयगत प्राविधिक सहयोगकालागि विशेषज्ञता हासिल गरेका व्यक्ति, संघसंस्था तथा निकायसँग सहकार्य गरिनेछ।

८.८ यस नीतिलाई प्रभावकारी कार्यन्वयन गर्नकालागि आवश्यकतानुसार विषयगत रूपमा विस्तृत कार्यान्वयन योजना, कार्यक्रम तथा कार्यविधि तयार गर्न सकिनेछ।

८.९ यस नीतिको कार्यान्वयनको निम्ति आवश्यक समन्वय सामाजिक विकास मन्त्रालयबाट गरिनेछ।

## ९. अनुगमन तथा मूल्याङ्कन

यो नीतिको कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्याङ्कन प्रदेश बालअधिकार समितिबाट हुनेछ र उक्त समितिले आफ्नो कार्यविधि आफै तय गर्नेछ। अनुगमन तथा मूल्याङ्कनको वार्षिक प्रतिवेदन प्रकाशित गरी सरोकारवालाबीच छलफल गरिनेछ। प्रदेश बालअधिकार समितिले हरेक छ महिनामा सरोकारवालाहरूबीच नीतिको कार्यान्वयनसम्बन्धी समिक्षा बैठकको आयोजना गर्नेछ। आवश्यकतानुरूप आवधिक रूपमा स्वतन्त्र अनुगमन तथा मूल्याङ्कन टोलीबाट पनि अनुगमन, मूल्याङ्कन गर्न गराउन सकिनेछ।

यो नीतिको अनुगमन तथा मूल्याङ्कनलाई सरल र प्रभावकारी बनाउनकालागि राष्ट्रिय योजना आयोगले तर्जुमा गरी व्यवहारमा ल्याएको नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन ढाँचा तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कार्यान्वयनमा ल्याएको अनुगमन तथा मूल्याङ्कन प्रणाली समेतलाई ध्यानमा राख्दै स्थानीय अवस्थाअनुरूप प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिने छ।

## १०. नीतिको व्याख्या एवं पुनरावलोकन

१०.१ यो नीतिको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक व्याख्या सामाजिक विकास मन्त्रालयले गर्न सक्नेछ।

यो नीतिको व्याख्या गर्दा तथा व्यवहारमा लागू गर्ने क्रममा निम्न कुराहरूलाई आधारभूत सिद्धान्तका रूपमा आत्मसात् गरिनेछः

**क) बालबालिकाको सर्वोत्तम हितको सिद्धान्त**

कुनै पनि विषयमा निर्णय गर्दा, योजना बनाउँदा, स्रोत विनियोजन गर्दा तथा बालबालिकाको उद्धार, संरक्षण, पुनः स्थापना लगायतका कार्य गर्दा बालबालिकाको अधिकारको सम्मान, संरक्षण हुने गरी उनीहरूको सबैभन्दा राम्रो हित हुने कुरालाई अर्थात् सर्वोत्तम हितलाई प्राथमिकता दिइने छ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

प्रमुख सचिव

ख) बालबालिका विरूद्धको हिंसा, दुर्व्यवहार, शोषण सह्य नहुने

कुनै पनि बहानामा कुनै पनि व्यक्तिबाट हुने बालबालिका विरूद्धको हिंसा, दुर्व्यवहार शोषणलाई छुट दिइने छैन तथा कानुनबमोजिम कारबाही गर्न ढिलासुस्ती हुन दिइने छैन। साथै कुनै पनि बहानामा कसैबाट पनि कुनै पनि बालबालिकालाई विभेदपूर्ण व्यवहार हुन दिइने छैन।

ग) बालबालिकाको लागि गरिने लगानीलाई प्राथमिकता

बालबालिकालाई प्रत्यक्ष हित हुने र सहयोग पुग्ने कार्य तथा विशेषतः बालबालिकाको संरक्षण, विकासका लागि सञ्चालन हुने कार्यमा उचित स्रोत विनियोजन गरी योजनावद्ध रूपमा हरेक तहमा बालबालिकाकालागि लगानीलाई प्राथमिकता दिइनेछ।

घ) बालबालिकाको विचार र भावनाको कदर

बालबालिकासँग सम्बन्धित विषयमा नीतिगत पक्षमा तथा योजना निर्माणको चरणबाट नै बालबालिकाको अर्थपूर्ण सहभागितालाई प्राथमिकता दिइनेछ। यस क्रममा विषयको गाम्भिर्यता तथा बालबालिकाको परिपक्वताका आधारमा बालबालिकाद्वारा व्यक्त विचार र भावनाको उचित कदर गरी मान्यता दिइनेछ।

ङ) बालबालिकालाई आधारभूत सेवाबाट बञ्चित नगरिने

प्रदेश भित्रका प्रत्येक बालबालिका समान रूपमा बाल अधिकारका हकदार हुन्। कुनै पनि बहानामा बालबालिकाको अधिकार हनन हुन नदिनुका साथै आधारभूत सेवाबाट कोही पनि बञ्चित हुनु पर्ने अवस्था सिर्जना हुन दिइने छैन।

१०.२ पुनरावलोकनः यस नीतिको सामान्यतया पाँच वर्षमा पुनरावलोकन गरिनेछ। तर, बालबालिकाको सर्वोत्तम हितकालागि आवश्यकताअनुरूप नीतिको कार्यान्वयन, सान्दर्भिकता, औचित्यता, प्रभाव आदिका आधारमा सो समयभन्दा अगावै नीतिको संशोधन र अद्यावधिक गर्न सकिनेछ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

प्रमुख सचिव

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल